nepalpostdaily .com

# नेपाल पोष्ट डेली

दैनिक

21°C । वर्ष :११, अंक : १८१ पृष्ठ ४ । सोमबार २५ फागुन २०८२ । MONDAY,MARCH 09, 2026.nepalpostdaily .com । मुल्य ५ रुपैंया

## पर्सामा रास्वपाको ऐतिहासिक "क्लीन स्वीप", चारै क्षेत्रमा पुराना दल पराजित



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,२४ फागुन ।**

पर्सा जिल्लाका चारवटै प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा विजयी हुँदै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले ऐतिहासिक 'क्लीन स्वीप' गरेको छ। फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको आइतबार बिहान सार्वजनिक अन्तिम परिणामअनुसार पर्सा क्षेत्र नम्बर १, २, ३ र ४ मा रास्वपाका उम्मेदवारहरू फराकिलो मतान्तरसहित निर्वाचित भएका हुन्। यसअघिका निर्वाचनमा नेपाली कांग्रेस, नेकपा एमाले तथा मधेस केन्द्रित दलहरूले जित्दै आएको पर्सामा यसपटक भने ती दलहरूको प्रभावलाई तोड्दै रास्वपाले सबै क्षेत्रमा जित हात पारेको हो। २०७९ को निर्वाचनमा पर्साका चारमध्ये दुई क्षेत्रमा कांग्रेस, एकमा एमाले र एकमा जसपा नेपाल विजयी भएका थिए भने २०७४ मा मधेस केन्द्रित दलहरूले अधिकांश क्षेत्र जितेका थिए । यसपटकको निर्वाचनमा भने कांग्रेसका तीन जना पूर्वमन्त्री र एमालेका एक जना पूर्वमन्त्री चुनावी मैदानमा भए पनि उनीहरू सबै रास्वपाका उम्मेदवारसँग पराजित भएका छन् । पर्सा-१ मा रास्वपाका बुद्धि प्रसाद पन्त (हरि पन्त) २७ हजार २७४ मत प्राप्त गर्दै विजयी भएका छन् । उनले नेकपा एमालेका उम्मेदवार तथा पूर्वमन्त्री प्रदीप यादवलाई १४ हजार २४४ मतान्तरले पराजित गरेका हुन् । यादवले १३ हजार ३० मत पाउँदा कांग्रेसका अनिल रुंगटा ११ हजार

बाँकी अन्तिम पृष्ठमा➪

## पाँच वर्षलाई बन्द भयो मधेशवादी दोकान



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,२४ फागुन ।**

प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ को परिणामले मधेशवादी राजनीतिक दलहरूलाई ठूलो धक्का दिएको छ । लामो समयदेखि मधेशको मुद्दा उठाउँदै राष्ट्रिय राजनीतिमा प्रभाव जमाउँदै आएका दलहरू यसपटकको निर्वाचनमा उल्लेखनीय रूपमा कमजोर बनेका छन् । फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनको मतगणनाले प्रत्यक्ष तथा समानुपातिक दुवैतर्फ मधेशवादी दलहरूलाई जनताले अस्वीकार गरेको संकेत गरेको छ । चुनावमा सहभागी भएका करिब एक दर्जन मधेशकेन्द्रित दलमध्ये कुनै पनि दलका उम्मेदवारले प्रत्यक्षतर्फ जीत हासिल गर्न सकेनन् । समानुपातिकतर्फ पनि आवश्यक 'थ्रेसहोल्ड' पार गरेर राष्ट्रिय दल बन्ने अवस्था कमजोर देखिएको छ। २०६४ सालको संविधानसभा निर्वाचनमा प्रत्यक्ष र समानुपातिक गरी ५२ सिट जित्दै राष्ट्रिय राजनीतिमा बलियो उपस्थिति बनाएको जनता समाजवादी पार्टी (जसपा) नेपाल यसपटक भने एक सिट पनि जित्न असफल भएको छ। यस निर्वाचनमा अशोक राई, राजेन्द्र महतो र रेशम चौधरी नेतृत्वका समूहहरूले मधेशवादी राजनीतिको आधारमा मोर्चाबन्दी गर्दै एउटै चुनाव चिन्ह लिएर प्रतिस्पर्धा गरेका थिए । तर उनीहरूको गठबन्धनका उम्मेदवारहरू पनि जित हासिल गर्न असफल भए । त्यस्तै, माओवादी केन्द्रबाट अलग भई एमाले हुँदै मधेशकै जनआधारमा आम जनता पार्टी स्थापना गरेका प्रभु साह पनि यस निर्वाचनमा पराजित भएका छन् । उनको पार्टी समानुपातिक मतमा समेत उल्लेखनीय स्थान बनाउन नसकेको देखिएको छ । समानुपातिकतर्फ बस चुनाव चिन्ह लिएर प्रतिस्पर्धा गरेका नेपाल संघीय समाजवादी, बहुजन एकता पार्टी नेपाल र नेपाल जनजागृति पार्टी लगायतका दलहरूले पनि अपेक्षित मत प्राप्त गर्न सकेनन् । २०४६ सालदेखि राष्ट्रिय राजनीतिमा उपस्थित रहेको नेपाल सद्भावना

बाँकी अन्तिम पृष्ठमा➪

## पर्सा-१ मा जसपा नेपालका उम्मेदवार यादवको जमानत जफत



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,२४ फागुन ।**

पर्सा निर्वाचन क्षेत्र नम्बर १ मा जनता समाजवादी पार्टी (जसपा) नेपालका उम्मेदवार रामनरेश यादव को जमानत जफत भएको छ। फागुन २१ मा सम्पन्न प्रतिनिधि सभा निर्वाचनमा यादवले कुल सदर मतको १० प्रतिशतभन्दा कम मत पाए, जसका कारण उनको जमानत जफत भएको निर्वाचन आयोगले जनाएको छ । निर्वाचन परिणाम अनुसार, पर्सा-१ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का हरि पन्त २७,२७४ मतसहित निर्वाचित भए। उनका निकटतम प्रतिद्वन्द्वी नेकपा एमालेका प्रदीप यादव ले १३,०३० मत पाएका थिए भने नेपाली कांग्रेसका अनिल रुंगटा तेस्रो स्थानमा रहे, ११,८८५ मतसहित। पर्सा-१ मा कुल ८९,६३८ मतदाता रहेका थिए। तीमध्ये ६१,३०६ मत खसेको थियो र करिब ५७,००० भन्दा बढी मत सदर मानिएको थियो। निर्वाचन आयोगको नियम अनुसार उम्मेदवारले कम्तीमा सदर मतको १० प्रतिशत मत पाउनुपर्ने हुन्छ। तर यादवले मात्र १,२०१ मत प्राप्त गरे, जसका कारण उनको जमानत जफत भएको हो । चुनावमा यादवलाई जसपा नेपालका वरिष्ठ नेता र मधेस प्रदेशका पहिलो मुख्यमन्त्री लालबाबु राउत गदी को सक्रिय साथ प्राप्त थियो। तर स्थानीय स्तरमा संगठन र जनसमर्थन कमजोर भएकाले अपेक्षित मत जुटाउन उनी सफल भएनन्।

## मतदाता भेटेर आभार व्यक्त गर्दै भव्य स्वागत पाए सांसद कानु



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,२४ फागुन ।**

पर्सा निर्वाचन क्षेत्र नम्बर २ बाट प्रतिनिधि सभा सदस्य निर्वाचित सुशील कुमार कानु ले मतदातालाई धन्यवाद दिन घरदैलो कार्यक्रम सुरु गरेका छन्। शनिबार घोषित मतगणनामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार कानु फराकिलो मतान्तरले विजयी भएका थिए । निर्वाचित भएको भोलिपल्टै आइतबारदेखि उनी वीरगन्ज महानगरपालिका वडा नम्बर १, ३, ६ र ९ मा पुगेर स्थानीय जनतासँग भेटघाट गर्दै धन्यवाद व्यक्त गरे । स्थानीय बासिन्दाले सांसद कानुलाई खादा र माला लगाएर भव्य स्वागत गरेका थिए । कानुले मतदाताको साथ, सहयोग र समर्थनकै कारण आफू निर्वाचित भएको बताए। उनले जनताको समस्या, सुझाव र गुनासा सुन्न घरदैलोमा आएको बताए र निरन्तर जनताको माझमा रहिरहने प्रतिबद्धता व्यक्त गरे। सांसद कानुले परिवर्तन र सुशासनको चाहनामा रास्वपाले पाएको जनमतको कदर गर्दै, जनअपेक्षाअनुसार काम गर्ने प्रतिवद्धता समेत व्यक्त गरेका छन्।

## रौतहटमा प्रभु साहको गढ ढल्यो, क्षेत्र नं. ३ बाट रास्वपाका रविन्द्र पटेल भारी मतान्तरले विजयी



**रौतहट, २४ फागुन ।**

जेनजी आन्दोलनपछि सम्पन्न भएको पहिलो लोकतान्त्रिक निर्वाचनले रौतहटका प्रभावशाली नेता प्रभु साहको राजनीतिक गढ समेत ढालिदिएको छ । कम्युनिष्ट राजनीतिबाट उदाएका साह मधेशमा विकासवादी नेताको रूपमा चर्चित मानिन्थे। तर यस पटकको निर्वाचनमा उनको प्रभाव कायम रहन सकेन । रौतहट निर्वाचन क्षेत्र नम्बर-३ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार रविन्द्र पटेल २७ हजार ३१८ मत प्राप्त गर्दै विजयी भएका छन् । उनले आफ्ना निकटतम प्रतिस्पर्धी जनता समाजवादी पार्टी (जसपा) का उम्मेदवार गोविन्द चौधरी लाई १५ हजार ३६४ मतान्तरले पराजित गरेका हुन् । चौधरीले ११ हजार ९५४ मत प्राप्त गरेका छन्। यसैगरी आम जनता पार्टी का अध्यक्ष प्रभु साह ले ९ हजार ८९० मत प्राप्त गरे भने नेकपा एमाले का उम्मेदवार कुन्दन प्रसाद कुशवाहा ले ६ हजार ६०५ मत ल्याएका छन्। यसपटकको निर्वाचनमा प्रभु साह दोस्रो स्थानमा समेत आउन नसक्नु उनको राजनीतिक यात्राका लागि ठूलो धक्का मानिएको छ। यससँगै रौतहट जिल्लाका चारवटै निर्वाचन क्षेत्रको अन्तिम मतपरिणाम सार्वजनिक भएको छ । चारमध्ये तीन वटा क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार विजयी भएका छन् भने रौतहट क्षेत्र नम्बर-२ मा नेपाली कांग्रेस का उम्मेदवारले जीत हासिल गरेका छन्।

**नेपाल पोष्ट डेली**
**ई -पेपरका**
**लागि स्क्यान गर्नुहोस्**

## सर्वोच्चको फैसला सार्वजनिक: बीरगन्ज मेनरोड विस्तार अब कानूनी रुपमा सम्भव



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,२४ फागुन ।**

सर्वोच्च अदालतले वीरगन्जको मेनरोड (गण्डकदेखि मितेरीपुलसम्म)विस्तारसँग सम्बन्धित रिट निवेदन खारेज गरेको फैसलाको पूर्णपाठ सार्वजनिक गरेको छ। यस फैसलाले सडक विभागलाई कानूनी आधारसहित मेनरोड विस्तारको काम अगाडि बढाउन बाटो खुलेको छ । गत वर्ष फागुन २८ गते न्यायाधीश विनोद शर्मा र महेश शर्मा पौडेलको संयुक्त इजलासले रिट निवेदन खारेज गरेको थियो, तर पूर्णपाठ आइतबार मात्र सार्वजनिक गरिएको हो । अदालतले मेनरोड विस्तारका लागि भत्काउनुपर्ने जग्गा र घरधनीहरूको हक र क्षतिपूर्तिको मागलाई अस्वीकार गर्दै सडक विस्तारलाई कानुनसम्मत ठहर गरेको छ। **रिट निवेदक र मुद्दाको पृष्ठभूमि** रिट नम्बर ०७७-डब्ल्युओ-०७३३ मा भरत प्रसाद रौनियार, भोला शंकर रौनियार, शान्ति देवी रौनियार, परमानन्द प्रसाद साह तेली, कुन्दन कुमार रौनियार लगायत स्थानीयवासीहरूले सरकारका सम्बन्धित निकायहरूलाई विपक्षी बनाउँदै निवेदन दायर गरेका थिए । उनीहरूले सडक विस्तार गर्दा आफ्नो जग्गा र घरधनी अधिकारमा हनन हुने दाबी गरेका थिए ।तर अदालतले विरोधी पक्षको तर्कलाई। आधार मानेर निर्णय गर्दै राजमार्ग निर्माण तथा व्यवस्था ऐन, २०२१ र सार्वजनिक सडक ऐन, २०३१ का प्रावधान अनुसार सडक सीमा कायम रहेको ठहर गरेको छ । अदालतले उल्लेख गरेको छ कि सडक सीमा केन्द्रबाट दायाँ-बायाँ २५-२५ मिटर २०२१ मङ्सिर ११ गते प्रकाशित सूचना अनुसार तय भएको थियो र यो जग्गा प्राप्ति ऐन लागू हुनु अघि नै कायम भएकोले निवेदकहरूको हक समाप्त भइसकेको छ । अदालतले क्षतिपूर्ति नपाउने निर्णय गरेको छ र सडक विभागले जारी गरेको सूचना पनि वैध ठहर गरेको छ। वैकल्पिक मार्ग बनेकोले सडक सीमा घट्नुपर्ने दावी पनि अस्वीकार गरिएको छ।

## नेपाल पोष्ट डेलीका लागि

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.
सम्पादक :- मनोज पटेल
कार्यकारी सम्पादक :- संतोष साह
सह-सम्पादक :- सरोज पटेल
सम्पर्क कार्यालय :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


# सम्पादकीय

## रास्वपाप्रति बलियो जनादेश

नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न नयाँ चरणमा प्रवेश गरेको छ। फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) प्रति बलियो जनादेश प्रकट भएको छ । कुल २७५ सदस्यीय प्रतिनिधि सभामा प्रत्यक्षतर्फ १६५ स्थान र ११० सदस्यीय समानुपातिक दुवैतर्फ रास्वपाप्रति अब्बल जनादेश परिवर्तनप्रतिको जनचाहना हो। मतगणनाको अन्तिम परिमाण आउन अझै केही दिन लाग्ने भए पनि प्रत्यक्ष र समानुपातिक दुवैतर्फ रास्वपालाई बलियो जनादेश छ । यो निर्वाचन नियमित आवधिक निर्वाचन थिएन। गएको भदौ २३ र २४ गते भएको नवपुस्ता अर्थात् जेनजी विद्रोहको मर्म र भावनालाई संस्थागत गर्ने निर्वाचनमा जनादेश पनि सोही अनुरूप हासिल छ। नवपुस्ता विद्रोह देशभित्र सुशासनको चाहनाका निम्ति भएको थियो । देशलाई भ्रष्टाचारमुक्त गर्दै शान्ति, स्थायित्व र तीव्रत्तर विकासका निम्ति नवपुस्ता विद्रोह भएको थियो । नेपाली कांग्रेस, नेपाल कम्युनिस्ट पार्टी (एमाले), तत्कालीन नेपाल कम्युनिस्ट पार्टी माओवादीबाट रूपान्तरित नेपाली कम्युनिस्ट पार्टीले विगतमा पटक पटक सरकारको नेतृत्व गरे । नेपाली जनताको अवस्थामा भने खास सुधार हुन सकेन । बढ्दो भ्रष्टाचार, शिथिल अर्थतन्त्र, रोजगारीको अभावले जनअसन्तुष्टि बढ्दै गयो । त्यसले जेनजी विद्रोहसँगै केपी ओलीको सरकार विस्थापित गरी पूर्वप्रधान न्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार बन्यो । सरकारले सुशासनका आधार सिर्जना गर्दै सफल निर्वाचन गरी सत्ता हस्तान्तरणका सबै आधार तयार गर्नु ठुलो सफलता हो ।रास्वपालाई प्राप्त यो उच्च जनविश्वास देशको अवस्थामा तीव्रत्तर सुधार ल्याउने दिशामा हुनु पर्छ । रास्वपाले घोषणापत्रमार्फत विधि, विकास र अर्थतन्त्र सुधारमा ल्याउने प्रतिबद्धताप्रति जनमत विश्वस्त हुन सक्यो । रास्वपाले संविधान संशोधनका निम्ति तीन महिनामै बहसपत्र तयार गर्ने प्रतिबद्धता गरेको थियो । अहिलेको राज्य संरचनालाई सुधारिएको प्रदेशसहित विधायक, मन्त्री र राज्य संरचनालाई चुस्त र दुरुस्त बनाउने संवैधानिक संरचनामा गरेको वाचाप्रति पनि यो विश्वास हासिल हुन सकेको हो । सङ्घीय मन्त्रालयको १४ अनि विशेषज्ञलाई मात्र मन्त्री बनाउने, छयालीस सालयता सार्वजनिक पदमा बसेका सबैको सम्पत्ति छानबिन गर्ने प्रतिबद्धता गरिएको छ । सहकारीको साना बचतकर्ताको निक्षेप सरकार बनेको एक सय दिनभित्रै फिर्ता दिने प्रतिबद्धता छ। विश्वविद्यालय र विद्यालयलाई राजनीतीकरणबाट मुक्त गर्दै शैक्षिक र प्राज्ञिक उन्नयनमा अग्रसर गराउने प्रतिबद्धता छ । यसै गरी सूचना प्रविधिलाई तीव्रत्तर विकास गर्दै राष्ट्रिय रणनीति उद्योग बनाउने प्रतिबद्धताले विश्व बजारको आइटी क्षेत्रको रोजगारी स्वदेशमै प्राप्त गर्ने दिशामा काम हुन सक्ने छ। एक दशकमै ३० हजार मेगावाट विद्युत् उत्पादन गरी मुलुकलाई हरित अर्थतन्त्रका दिशामा अग्रसर गराउनेलगायत अनेक प्रतिबद्धताप्रति उर्र्लिएको जनविश्वाससमेत हो यो । देशभित्र रोजगारी सिर्जना हुन नसकेर विगत दुई दशकमा झन्डै ६० लाख नेपाली बाहिर जानु परेको छ । देशभित्रै काम गर्ने चाहनालाई सार्थक तुल्याउन पनि रास्वपा गरेको प्रतिबद्धतामा बलियो जनादेश हासिल भएको हो ।नेपालमा बिगत साढे सात दशकदेखि नै राजनीतिक अस्थिरताको उग्र भूमरीमा रह्यो । यो बिचमा कुनै पनि सरकारले पाँच वर्षका अवधि निरन्तर काम गर्न पाएनन्। राजतन्त्रबाट प्रजातन्त्र अनि लोकतान्त्रिक गणतन्त्रतर्फ अभूतपूर्ण राजनीतिक यात्रा गरे पनि राजनीतिक अस्थिरतामा विराम लाग्न सकेन। सरकारमा जान जे जसरी पनि होड गरिरहने प्रवृत्तिले देशको आर्थिक विकासमा अवरोध भइरह्यो । यसले सुशासन सपना अधुरो नै रह्यो । आर्थिक विकासमा निरन्तर अवरोध आइरह्यो र देश भ्रष्टाचार हुने मुलुकको सूचीमै पर्दै गयो। सुशासन र विकासको जनचाहना पूरा हुन सकेन । देशभित्रै रोजगारीको अवसर सिर्जना हुन सकेन। संविधान सभाले २०७२ सालमा निर्माण गरेको संविधान अभ्यासको एक दशक भइसकेको छ। एक दशकमा यसलाई समय र जनचाहना अनुरूप थप समृद्ध बनाउँदै जानुपर्ने हो । विगतमा तत्कालीन संसद्का दुई ठुला दल नेपाली कांग्रेस र नेकपा (एमाले) ले संविधान संशोधन, विकास र सुशासनका निम्ति मिलेर सरकार बनाए पनि वर्ष दिनभन्दा बढीसम्म काम गर्न सकेको अनुभूति दिन सकेनन्। विगतका यी सबै अवस्थाको संश्लेषण गरेर नेपाली जनताले रास्वपालाई बलियो जनादेश दिएका हुन् ।

# पराजितले पनि "सेलिब्रेट" गर्नुपर्ने चुनाव



**विष्णु सापकोटा**

राजनीतिमा एउटा युगभन्दा यसले धेरै ठूलो अर्थ राख्छ र मैले यो शब्द सोचेरै प्रयोग गरिरहेको छु। किनकि तीन दिनअघि सम्पन्न निर्वाचनका परिणाम आउँदै गर्दा राष्ट्रिय स्वतन्त्र पार्टीको पक्षमा जुन 'स्केल'को ऐतिहासिक उभार देखिएको छ, त्यसले नेपालको राजनीतिको एउटा युगकै अन्त्य भएको प्रस्ट जनाउ दिएको छ।
निर्वाचनको परिणामसँगै देशका पुराना 'शक्ति' र तिनीहरूसँग आश्रित ठूलो पंक्ति मर्माहत भएको यस घडीमा उनीहरूले युग नै फेरिइसकेको अझै पनि नदेखेका हुन सक्छन्। तर स्पष्टसँग स्थापित भएको के हो भने रास्वपालाई नेतृत्व गरिरहेका रवि लामिछाने र प्रधानमन्त्रीका उम्मेदवारका रूपमा प्रस्तुत गरिएका बालेन (बालेन्द्र) शाहमाथि आस थमाएर नेपाली जनताले देशको नेतृत्व मात्रै नयाँ रोजेका छैनन्, नेपाली समाजले नै ठूलो कोल्टे फेरेको छ। निर्वाचनको जनादेशमार्फत कसरी नेपाल नयाँ राजनीतिक युगमा प्रवेश गरिसक्यो भनेर यस स्तम्भमा मैले यसका तीनवटा प्रमुख सन्दर्भ र तिनका सैद्धान्तिक व्याख्या दुवै समेट्नेछु।
सुरुमा नेपालको लोकतान्त्रिक मूलधारको विषयलाई हेरौं। तीन दिनअघिसम्म नेपालमा यदि कसैले म 'डेमोक्र्याट' हुँ भन्यो भने उसले अर्को अर्थमा आफू नेपाली कांग्रेसको सदस्य या समर्थक हुँ भनेको अर्थ लाग्थ्यो। किनकि २००७ सालको प्रजातान्त्रिक आन्दोलनको नेतृत्व गरेका बखतदेखि अस्तिसम्म नेपालको प्रमुख लोकतान्त्रिक शक्ति भनेर देशभित्र र बाहिर कांग्रेस नै चिनिन्थ्यो। निर्वाचन त उसले २०५१ मा नेकपा एमाले र २०६४ सालमा माओवादीसँग पनि हारेकै थियो तर आठ दशकको साङ्गोपाङ्गो इतिहासमा कांग्रेसले पहिलो पटक त्यो उपाधि अहिले आएर गुमाएको छ। किनकि उभन्दा ठूलो लोकतान्त्रिक शक्ति यसअघि अस्तित्वमा कहिल्यै आएको थिएन। स्थापनाकालदेखिको आफ्नो सम्पूर्ण जीवनकालमा उ अहिले सबैभन्दा बढी सानो भएको छ। ठीक छ, सरकारको नेतृत्वमा आएपछि रास्वपा र बालेन शाहको लोकतान्त्रिक आचरण र शैली कस्तो हुन्छ, त्यो हेर्न बाँकी नै छ। तर, उनीहरूका सैद्धान्तिक दस्तावेजहरू हेर्दा रास्वपा र कांग्रेसमा लोकतन्त्रलाई हेर्ने दृष्टिकोण र लिबरल आर्थिक नीतिमा धेरै भिन्नता छैन। त्यसैले अब कसैले आफूलाई 'डेमोक्र्याट' भन्छ भने उ कांग्रेस हो कि रास्वपा, त्यसै थाहा हुँदैन। अर्थात्, कांग्रेस अब निर्विकल्प लोकतान्त्रिक शक्ति रहेन। दुई-चार वर्षमा कांग्रेसले 'कमब्याक' गर्न सक्ला कि नसक्ला वा कसरी गर्न सक्ला भन्ने सन्दर्भ आजको लेखको विषय त हैन। तैपनि यति चाहिँ अहिले छुस्स भनिहालुँ- यदि उसले सुरुवात गर्ने हो भने त्यो ठाउँ उसका चारतारे झन्डाका चारवटा ताराले के-के प्रतिनिधित्व गर्छन् भनेर बीपी कोइरालाले गरेको व्याख्याबाट 'डिपार्चर' लिएर हुनुपर्दछ। अब एउटा तारा लोकतन्त्रका लागि र अर्को समाजवादका लागि भन्नु समाजको नयाँ पुस्तालाई वास्ता र महत्त्व नभएको पुरातन विषय भइसक्यो। लोकतन्त्र जोगाउन अब उ मात्रै हुनुपर्छ भन्ने छैन र समाजवादबाट मुक्ति लिने चेष्टा त ढिलै भए पनि उसले यही निर्वाचनको आफ्नै प्रतिज्ञापत्रबाट प्रयास गरिसकेको छ। देशको लामो इतिहासमा, नयाँ संविधान आएको एक दशकमै नेपालको लोकतान्त्रिक संस्थापनका रूपमा कांग्रेस विस्थापित हुनु एउटा युगको अन्त्य हुनु हो, नयाँको सुरुवात भएको हो। यदि यो स्थिति पाँच वर्षपछि फेरिएछ भने त्यसपछि यसलाई फेरि समीक्षा गरिहालिनेछ तर अहिलेका लागि यसलाई गरिने सैद्धान्तिक व्याख्या यही हो। यस निर्वाचनले गरेको दोस्रो प्रमुख 'प्याराडाइम सिफ्ट' अझै रोचक र महत्त्वपूर्ण छ। २०१५ सालको नेपालको पहिलो निर्वाचनमा त वामपन्थीको नाम मात्रको उपस्थिति थियो। तर २०१७ सालमा राजा महेन्द्रले अधिनायकवादी व्यवस्था लागू गरेपछिको २०२० को दशकदेखि नेपालमा वामपन्थी संगठन र 'जनचेतना' ह्वात्तै बढेको थियो। राजनीतिक दलहरू प्रतिबन्धित भएकाले कसको शक्ति कति ठूलो थियो भन्ने त २०४८ को निर्वाचनमा आएर मात्रै थाहा भयो, जतिबेला नेकपा एमाले र जनमोर्चा सशक्त प्रतिपक्षीका रूपमा उदाएका थिए। तर समाजको वैचारिक रुझान र सांगठनिक शक्तिका आधारमा २०३० को दशकदेखि नै नेपालको वामपन्थ दोस्रो ठूलो राजनीतिक शक्ति भइसकेको थियो। त्यसमाथि २०५० को दशकमा सुरु भएको माओवादी सशस्त्र युद्धताकाको सांगठनिक प्रभावले २०६४ को संविधानसभासम्म

बाँकी तेश्रो पृष्ठमा⇨

# बदलिँदो परिस्थितिमा राष्ट्रिय सभा

**राजेन्द्र फूयाल**

आमनिर्वाचनमा परम्परागत मूलधारका राजनीतिक शक्तिहरू एमाले, कांग्रेस र नेकपालाई परास्त गर्दै राष्ट्रिय स्वतन्त्र पार्टीले असाधारण जित हासिल गरेको छ। प्रतिनिधिसभामा सशक्त प्रतिपक्षको समेत अभाव हुने अवस्थामा पनि सिंगो राष्ट्रिय सभामा सत्तापक्षकै उपस्थिति शून्य छ। दुई सदनात्मक व्यवस्थापिकामा यस्तो अनौठो अवस्था सम्भवतः संसारमा कहीं पनि सिर्जना भएको छैन।
फागुन २०८४ बाट रिक्त हुने १९ सिटका लागि हुने निर्वाचनबाट मात्रै राष्ट्रिय सभामा रास्वपाको प्रतिनिधित्व हुन सक्छ। तसर्थ तत्कालका लागि आमनिर्वाचनबाट अनुमोदित नयाँ शक्ति र राष्ट्रिय सभामा वर्चस्व बरकरार राखेका परम्परागत शक्तिहरूबीच संविधान सुधारको मार्गचित्रसहित महत्त्वपूर्ण राजनीतिक मुद्दमा संवाद, समन्वय र सहकार्य अपरिहार्य छ। कानुन निर्माण र बजेट पारित गर्ने प्रक्रियामा राष्ट्रिय सभाभन्दा प्रतिनिधिसभा धेरै शक्तिशाली छ। प्रतिनिधिसभामा उत्पत्ति हुने साधारण विधेयक र बजेट राष्ट्रिय सभाले अस्वीकृत गरेको अवस्थामा पनि प्रतिनिधिसभाले पुनः पारित गरी कार्यान्वयनमा लैजान सक्छ। त्यस्तो अवस्थामा राष्ट्रपतिको अधिकार पनि एक पटकका लागि पुनर्विचारका लागि फर्काउन सक्नेसम्मको मात्रै हो। दोस्रो पटक पठाइएको विधेयक रोक्ने विशेषाधिकार राष्ट्र प्रमुखसँग पनि छैन। तर संविधान संशोधनका सन्दर्भमा भने दुवै सदनको दुई तिहाइ आवश्यक पर्छ।
प्रतिनिधिसभा सदस्य निर्वाचनको राप र तापमा संघीय संसद्को अर्को सदन राष्ट्रिय सभा भने ओझेलमा परेको छ। संयोगचाहिँ कस्तो परेको छ भने, राष्ट्रिय सभा सदस्यका लागि ११ माघमा निर्वाचित १८ सदस्यको कार्यकाल २१ फागुनबाटै सुरु हुनुपर्नेमा लामो सार्वजनिक बिदाका कारण सोमबार (२५ फागुन) मात्रै शपथ ग्रहण हुँदै छ। २० फागुनमा ६ वर्षे कार्यकाल पूरा गरी सभाबाट बिदा भएका १९ सदस्यमध्ये १८ सिटका लागि ११ माघमै निर्वाचन भएको हो। स्थायी सदनका रूपमा रहेको राष्ट्रिय सभामा प्रत्येक दुई/दुई वर्षमा एक तिहाइ सदस्यको कार्यकाल सकिन्छ। यसरी पद रिक्त हुनुभन्दा कम्तीमा ३५ दिनअगावै नयाँ निर्वाचन गर्नुपर्ने कानुनी व्यवस्थाअनुरूप नयाँ १८ सदस्य निर्वाचित भएका हुन्। बाँकी एक सिटमा भने मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट मनोनयन हुनेछन्। सात प्रदेशबाट आठ/आठ जनाका दरले विभिन्न 'क्लस्टर' को प्रतिनिधित्व गर्ने ५६ र कम्तीमा एक महिलासहित राष्ट्रपतिबाट मनोनीत ३ गरी ५९ सदस्यीय राष्ट्रिय सभा संघीय संसद्को स्थायी सदन हो। यसले आवधिक निर्वाचनका लागि प्रतिनिधिसभा विघटन भएको समयमा समेत जनप्रतिनिधिमूलक संस्थालाई शून्यमा जान दिँदैन।
२१ फागुनको प्रतिनिधिसभा सदस्य निर्वाचन भने नियमित आवधिक निर्वाचन नभई गत २३ र २४ भदौको 'जेन-जी' विद्रोहका कारण देशमा उत्पन्न असाधारण परिस्थितिको उपज हो। प्रतिनिधिसभा बाहिरबाट बनेको चुनावी सरकार, उसैको सिफारिसमा भएको प्रतिनिधिसभा विघटन र नयाँ निर्वाचनको तिथि घोषणा जस्ता विषयमा उत्पन्न संवैधानिक र कानुनी विवादको निरूपण सर्वोच्च अदालतको क्षेत्राधिकार भए पनि यसबाट उत्पन्न राजनीतिक संकट, जनआकांक्षा र जनसरोकारका यावत् विषयमा राष्ट्रिय सभाले गम्भीर छलफल गर्नुपर्थ्यो। यसबीचमा छोटो समयका लागि बसेको राष्ट्रिय सभा अधिवेशनले त्यो ऐतिहासिक मौका गुमाएको छ।

**औपचारिकतामा खुम्चिएको मौका**

जेन-जी विद्रोहपछिको राजनीतिक अन्योल, घोषित आमनिर्वाचनबारे प्रारम्भिक दिनहरूमा देखिएको अनिश्चितता, सुशासन र संविधान सुधारका विषयमा विभिन्न कोणबाट उठेका यक्ष प्रश्नहरूमा सुरुबाटै राष्ट्रिय सभाले महत्त्वपूर्ण छलफल थाल्न सक्थ्यो। यस्तो अप्ठ्यारो समयमा राष्ट्रिय सभाले प्रतिनिधिसभाको अनुपस्थिति संसद्विहीनता होइन भन्ने स्थापित हुने गरी काम गर्न सक्दा माथिल्लो सदनको औचित्य मात्र पुष्टि हुने थिएन, लोकतान्त्रिक प्रणालीको सबलीकरणमा ठोस योगदान पुग्थ्यो। कान्तिपुर राष्ट्रिय दैनिकमा गत १ पुसमा प्रकाशित लेखमा पनि मैले चर्चा गरेको छु, निर्वाचनको सुनिश्चितता, शान्ति सुरक्षा, सुशासन र जनसरोकारका समसामयिक विषय मात्र होइन, निकट भविष्यमा गर्नुपर्ने संवैधानिक सुधारको मार्गचित्र तयार गर्ने युगीन अवसर राष्ट्रिय सभालाई प्राप्त थियो। छिमेकी बंगलादेशमा गत २९ माघ (१२ फेब्रुअरी २०२६) मा सम्पन्न संसदीय निर्वाचनसँगै सम्पन्न जनमत संग्रहले संविधान सुधारको मार्गचित्र पारित गरेको छ। १६ महिनाअघिको विद्यार्थी आन्दोलनले तत्कालीन प्रधानमन्त्री शेख हसिना नेतृत्वको सरकार अपदस्थ गरेपछि बंगलादेशमा नोबल पुस्कार विजेता मोहम्मद युनुस नेतृत्वको अन्तरिम सरकारले निर्वाचनमार्फत देशलाई निकास दिएको हो। दुई दशक लामो निर्वाचित अधिनायकवाद भोगेको बंगलादेशले निरंकुशताको पुनरावृत्ति हुन नदिन निर्वाचनपूर्व नै तयार गरिएको संविधान संशोधनको मार्गचित्रले जनअनुमोदन प्राप्त गरेको छ। नेपालमा पनि संविधानसभाबाट जारी संविधान कार्यान्वयनमा आएको एक दशक पुगेको छ। निर्वाचन प्रणालीमा सुधार, संवैधानिक परिषद्को पुनःसंरचना, कार्यबोझ नपुगेका संवैधानिक पदाधिकारी र जनप्रतिनिधिको संख्या कटौतीजस्ता थुप्रै विषयमा सुरुदेखि नै संविधान संशोधनको आवाज उठेको छ। विभिन्न संवैधानिक आयोगको औचित्यलगायत एक दशकमा समीक्षा गर्नुपर्ने कतिपय प्रावधानबारे संविधानमै उल्लिखित विषयहरू छन्। यस्ता तमाम विषयमा राष्ट्रिय सभामा गम्भीर छलफल चलाएर प्रतिनिधिसभा निर्वाचनअघि नै संविधान संशोधनको मार्गचित्र तयार गर्न सकिन्थ्यो। आमसहमति नभएका विषयमा पनि दलहरू आ-आफ्ना दृष्टिकोण र अडान लिएर जनतामा जानु बुद्धिमानी हुन्थ्यो। तर दुर्भाग्य, प्रतिनिधिसभाको अनुपस्थितिमा छोटो अवधिका लागि बसेको राष्ट्रिय सभाको १९ औं अधिवेशन त्यसतर्फ प्रवेश नै गरेन। सभा स्वयंले विशेष प्रस्तावमार्फत यस्तो छलफल चलाउन वा विशेष समिति नै बनाएर संविधान

बाँकी तेश्रो पृष्ठमा⇨

# अन्तर्राष्ट्रिय समाचार

## तेहरानको व्यस्त विमानस्थलमा इजरायलको हवाइ आक्रमण



**काठमाडौं,२४ फागुन ।**

तेहरानको मेहराबाद विमानस्थलमा इजरायलले शक्तिशाली आक्रमण गरेको छ । शनिबार बिहान सूर्योदयअघि नै इजरायलको आक्रमणपछि राजधानी तेहरानमा विस्फोटहरू सुनिएको थियो । त्यही क्रममा मेहराबाद विमानस्थलमा आगो लागेको इरानी सञ्चारमाध्यमले जनाएका छन् । विमानस्थलमा आगो लागेको तस्बिर अहिले सामाजिक सञ्जालमा फैलिएको छ । सन् १९३८ देखि सञ्चालनमा आएको यो विमानस्थल तेहरान सहरको केन्द्रमा पर्छ । सरकारी स्वामित्वको यो विमानस्थल देशकै व्यस्त विमानस्थल रहेको इरानी सञ्चारमाध्यमले जनाएका छन् । सन् २००४ मा तेहरान नजिकै इमान खामेनेइ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण भएपछि मेहराबादमा अन्तर्राष्ट्रिय उडान कटौती गरिएको थियो । तर, देशभर ठूलो संख्यामा घरेलु विमान यहाँबाट सञ्चालन हुन्छ । इजरायलले इरानमाथि हवाइ हमला बढाउने घोषणा गरेको केही समयमै मेहरानमा धुँवा उठेका तस्बिर सामाजिक सञ्जालमा सार्वजनिक भएका थिए । यस आक्रमणबाट पुगेको क्षतिको विवरण सार्वजनिक भइसकेको छैन ।

शुक्रबार राति ८० भन्दा धेरै वायु सेनाका फाइटर जेटहरुले इरानमा आक्रमण गरेको इजरायली डिफेन्स फोर्स (आईडिएफ) ले जनाएको छ । यसक्रममा रिभोलुशनरी गार्डस् कर्प्सको सैन्य विश्वविद्यालयसहित विभिन्न सैन्य क्षेत्रमा आक्रमण गरिएको आइडिएफले जनाएको छ ।यसक्रममा भूमिगत ब्यालेस्टिक मिसाइल केन्द्रमा पनि आक्रमणगरिएको आइडिएफको दाबी छ । आफ्नो देशमा इरानतर्फबाट प्रहार भएका अनेकौं मिसाइल र ड्रोन आक्रमणलाई पनि खसालिएको आइडिएफले जनाएको छ । अमेरिकाले इरानमाथिको आक्रमणको एक साताभित्र ३ हजारभन्दा धेरै स्थानमा प्रहार गरिएको जनाएको छ । यसअघि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानको जलसेना ध्वस्त भइसकेको र वायु सेना निकै कमजोर रहेको दाबी गरेका थिए । उनले इरानसँग आत्मसमर्पणको विकल्प नरहेको दाबी गरेका थिए ।

## इजरायल-अमेरिकासँग भिडिरहेको इरानसँग कस्ता हतियार छन् ?



**काठमाडौं,२४ फागुन ।**

पछिल्ला एक सातादेखि इरानले अमेरिका-इजरायलसँग लगातार लडिरहेको छ । विश्वकै सबैभन्दा शक्तिशाली सेना भएको अमेरिका र विश्वका अत्याधुनिक सेना र हतियारबाट सुसज्जित देशमध्येको एक इजरायलसँग लड्न सहज पक्कै पनि छैन । अमेरिका-इजरायलले लगातार इरानका सैन्य पूर्वाधारमा आक्रमण गरिरहेका छन् । युद्ध सुरु भएको पहिले दिन नै सर्वोच्च नेता आयतुल्लाह अली खामेनेइसहित धेरै वरिष्ठ नेताहरु मारिएका थिए ।

त्यसयता इरानले पश्चिम एशियामा अमेरिकाका सहयोगी देश र इजरायलमा प्रत्याक्रमण गरिरहेको छ । तर इरानको मिसाइल आक्रमण यतिमै सिमित छैन । युरोपको अजरबैजान, साइप्रस नजिकैको बेलायती सैन्य अखडा, टर्कीलगायत देशमा पनि उसले निशाना साँध्ने प्रयास गरेको थियो, तर इरानी ड्रोनलाई ती देशहरुले खसालिदिएको दाबी गरेका छन् । इरानी जलसेनाका धेरै जहाजहरु पछिल्लो समय अमेरिकी आक्रमणमा परेर ध्वस्त वा क्षतिग्रस्त छन् । जलसेनाको मुख्यालयमा पनि अमेरिकाले आक्रमण गरेको छ । त्यहीकारण इरानले विशेषगरी मिसाइल आक्रमणमा ध्यान केन्द्रीत गरेको छ । इरानसँग २,००० किलोमिटर देखि २,५०० किलोमिटरसम्म मार हान्नसक्ने लामो दूरीका ब्यालेस्टिक मिसाइलहरु छन् । जसको अर्थ यी क्षेप्यास्त्रहरु मध्यपश्चिमका देश र इजरायलसम्म सहजै पुग्नसक्छन् । इरानले पश्चिम एशियामा युएई, साउदी अरेबिया, कतार, बहराइनलगायत अमेरिकाका सहयोगी देशमाथि आक्रमण पनि गरेको छ । ती देशहरुले इरानी मिसाइललाई खसालिएको दाबी लगातार गर्दै आएका छन् । इरानसँग रहेका छोटो दूराका ब्यालेस्टिक मिसाइलहरुले झन्डै १ सय ५० किलोमिटर देखि ८ सय किलोमिटरसम्म यात्रा गर्नसक्छन् । नजिकैको सैनिक आक्रमण तथा क्षेत्रीय युद्धलाई लक्षित गरेर यी मिसाइलहरु निर्माण गरिएको थियो । छोटो दूरीका मिसाइलहरुमा जोल्फाघर, कियाम-१ र वल्ड शाहब पर्छन् । छोटो दुरीका यी मिसाइलले दूत गतिमा तत्कालै प्रतिक्रिया दिनसक्छन् । जनवरी २०२० मा अमेरिकाले आफ्ना जनरल कासिम सुलेमानीको हत्या गरेपछि इरानले छोटो दूरीको मिसाइलमार्फत त्यसको जवाफ फर्काएको थियो । त्यसबेला इराकको ऐन अल-असद एयरबेसमा ब्यालिस्टिक मिसाइलहरू प्रहार गरिएको थियो । आक्रमणले अमेरिकी सैन्य पूर्वाधारलाई क्षति पुर्यायो । यस आक्रमणमा १०० भन्दा बढी अमेरिकी कर्मचारीहरूलाई मस्तिष्क सम्बन्धी समस्या देखिएको थियो ।

मध्यम दूरीका ब्यालिस्टिक क्षेप्यास्त्रहरू १,५०० देखि २,००० किलोमिटरसम्म मार हान्नसक्ने सामर्थ्यका छन् । क्षेत्रीय युद्धलाई मध्यनजर गरेर यसलाई तयार गरिएको हो । शाहब-३, इमाद, गदर-१, खोरमशह र सेजिल मिसाइल यसमा पर्छन् । इरानले अहिले इजरायलमा सेजिल मिसाइल प्रयोग गरिरहेको छ । सेजिल र शाहब-३ मिसाइलले इजरायलमात्रै नभएर युरोपका केही क्षेत्रमा पनि मार हान्नसक्ने इरानी सैन्य अधिकारीहरुको दाबी छ । सेजिलमा ठोस इन्धन प्रयोग हुन्छ । तरल-इन्धन प्रयोग हुने मिसाइलको दाँजोमा यस्ता मिसाइल निकै प्रभावकारी मानिन्छन् । यसको गति तिव्र छ । यसलाई पहिलोपटक गत जुनको १२ दिने लडाँइमा इरानले प्रयोग गरेको थियो । अहिले इजरायलमाथि मार हान्न पनि यसको व्यापक प्रयोग गरिएको छ । इरानसँग ठूलो संख्यामा क्रुज मिसाइलहरु पनि छन् । यी मिसाइलहरु लामो दूरीलाई आधार मानेर तयार पारिएका हुन् । सौमर मिसाइलको दायरा २,५०० किलोमिटर छ ।

क्षेप्यास्त्रहरुभन्दा ड्रोन तुलनात्मक रुपमा सस्तो मानिन्छ । तर, यसलाई ठूलो संख्यामा तैनाथ गर्न सकिन्छ । इरानसँग ठूलो सख्यामा अत्याधुनिक ड्रोनहरु छन् ।

इरानले आफ्नो जमिनमुनी ठूलो संख्यामा क्षेप्यास्त्रहरु गाडेर राखेको छ । तेहरान शहरमै विभिन्न क्षेत्रमा भूमिगत सुरुङ खनिएको छ । बाँकी दुनियाँ थाहा नपाउनेगरी इरानले त्यहाँबाट भूमिगत रुपमा पनि मिसाइल प्रहार गर्नसक्छ । त्यहीकारण, इजरायल-अमेरिकाको आक्रमणले तत्कालका लागि कमजोर देखिएपनि इरानले फेरि प्रत्याक्रमण गर्नसक्ने सामर्थ्य राख्छ । इरानको क्षेप्यास्त्र पूर्वाधारमा अमेरिका-इजरायलले लगातार आक्रमण गरिरहेका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानका क्षेप्यास्त्रहरु सकिनै लागेको दाबी पनि गरेका छन् । तर, क्षेप्यास्त्र कार्यक्रमबारे बाँकी दुनियाँलाई निकै कम थाहा छ ।

इरानको सेनामा झन्डै ५ लाख ८० हजार सक्रिय सदस्य रहेको इन्टरनेशनल इन्स्टिच्युट फर स्ट्र्याटिजिक स्टडिजको आँकलन छ ।

### पराजितले पनि..................

आइपुग्दा, कुल मिलाउँदा नेपालको सबैभन्दा ठूलो राजनीतिक शक्ति नै वामपन्थ भएको थियो, जुन अविच्छिन्न रूपमा ६ महिनाअघि विघटित संसद्सम्म कायम थियो । यो सबै परिदृश्यलाई २१ फागुनको निर्वाचनको जनादेशसँग जोडेर ऐतिहासिक रूपमा हेर्दा २०२० को सुरुवाती दशकदेखि पहिलो पटक नेपाली वामपन्थ यति सानो आकारमा खुम्चिएको अहिले नै हो । `पाली वामपन्थी युगको यही नै अन्त्य हो भनेर अपेक्षा गर्न सकिए पनि ठोकुवा नै गर्नु त केही ‘प्रिमचुयर’ हुन सक्छ, किनकि हाम्रो जस्तो समाजमा यसको ‘कमब्याक’ को सम्भावना नै छैन भन्न अहिल्यै मिल्दैन । तर केसम्म ढुक्कसँग भन्न सकिन्छ भने विगत दुई दशकमा अभ्यास गरिएको जस्तो केपी ओली र पुष्पकमल दाहालले नेतृत्व गरेको दक्षिणपन्थी वामपन्थी युगको यो निर्वाचनसँगै अन्त्य भएको छ । यो प्रसंगको पनि धेरै व्याख्या गर्ने ठाउँ आजको स्तम्भमा छैन । यति चाहिँ भनिहालौं, ओलीले प्रतिनिधित्व गर्ने नेपालको मूलधारको वामपन्थ खासमा दक्षिणपन्थ भइसकेको थियो । अंग्रेजीमा भन्दा अझ यो सटीक सुनिन्छ, ‘नेपाल’स् लेफ्ट इज राइट’ । जहाँसम्म प्रचण्डले के प्रतिनिधित्व गर्छन् भन्ने छ, सायद त्यो उनी आफैंलाई वास्ता छैन । यहाँनेर केसम्म नोट गरिनुपर्छ भने चुनावको तयारीका लागि मोर्चा बनाउने क्रममा प्रचण्डले नेपालको मूल माओवादी पार्टीलाई चुपचाप खारेज गरिदिए र त्यो अहिले अस्तित्वमै छैन । हो, दक्षिण अमेरिकाका केही मुलुक वा युरोपमै कहिलेकाहीं उदाउने जस्ता, नेपालका जस्ता शीतयुद्धकालीन नभई अलिक आधुनिक भाषा बुझ्ने र बोल्ने ‘डिसेन्ट लेफ्ट’ राजनीतिका लागि भविष्यमा पनि केही ठाउँ त रहला तर देशको मूल राजनीतिक शक्ति नै वामपन्थी रहेको युगको अब अन्त्य भएको छ । साभार ईकान्तिपुर ।

### बदलिँदो परिस्थिति..........

कार्यान्वयनमा देखिएका समग्र समस्याको अध्ययन गर्न संवैधानिक र कानुनी अड्चन थिएन । तर राजनीतिक इच्छाशक्तिको अभावमा सभाले त्यस्तो कुनै विशेष पहल नै गरेन । सभाको नियमावलीमा उल्लिखित संकल्प प्रस्ताव, जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव वा ध्यानाकर्षण प्रस्ताव सदनलाई प्रभावकारी बनाउन मात्रै होइन, यस्तै संकटमा समयमा सिंगो मुलुकलाई मार्गदर्शन गर्न, आशाको सञ्चार गराउन प्रत्येक सांसदलाई उपलब्ध संसदीय औजार हुन् । पौराणिक कथा रामायणमा हनुमानले आफ्नो शक्ति थाहा नपाएको जस्तै भएर हो कि इच्छाशक्तिको अभावले हो, सिंगो सदन आफूलाई प्राप्त ऐतिहासिक जिम्मेवारीबाट विमुख देखिएको छ । छिमेकी भारतमा सन् १९७७ को संकटकाल र लोकसभा विघटन भएको समयमा राज्यसभा नियमित विधायनी विषयमा प्रवेश गरेको थिएन । बरु उसले संकटकालको स्थिति, नागरिक अधिकार, प्रेस स्वतन्त्रता जस्ता महत्त्वपूर्ण विषयमा छलफल गरी संविधान सुधारमा महत्त्वपूर्ण योगदान पुगेको थियो । राष्ट्रिय सभालाई पनि जेन-जी र जेन-अल्फा उमेर समूहका युवासँग समेत सार्थक र खुला छलफल गरी संविधान सुधारको मार्गचित्रसहित नयाँ राजनीतिक संकल्प गर्ने ऐतिहासिक मौका उपलब्ध थियो । त्यस्तो पहलकदमीले आमनिर्वाचनपछि प्रतिनिधिसभाको शक्ति सन्तुलन राष्ट्रिय सभाको भन्दा फरक हुँदा पनि राजनीतिक गतिरोधको निकास संसद्बाटै खोज्न सहज हुन्थ्यो, नैतिक रूपमा पनि माथिल्लो सदन बलियो हुन्थ्यो । प्रतिनिधिसभाको अनुपस्थितिमा राष्ट्रिय सभा एक्लैले कुनै पनि विधि निर्माणको चक्र पूरा गर्न सक्दैनथ्यो । सामान्य विधेयकमाथिको दफावार छलफल र समितिहरूका सामान्य बैठकले राजनीतिक संकट र संक्रमणका समयमा राष्ट्रिय सभाको औचित्य पुष्टि गर्दैन । तसर्थ अधिवेशनमा पेस र पारित भएका विधेकयलाई सभाको दीर्घकालीन महत्त्वको काम नभई फगत औपचारिकता हुन् ।आफ्नो छवर्षे कार्यकालका गनथनयुक्त बिदाइ मन्तव्यमा सीमित सभाको अधिवेशनप्रति आममानिसको साभार ईकान्तिपुर ।

# स्वास्थ्य

## महिनावारी नजिकिँदा किन दुख्छ तल्लो ढाड ?




महिनावारीको मिति नजिकिँदा धेरै महिलाहरूले एकै किसिमको गुनासो गर्छन्–‘तल्लो ढाड दुखेर बस्न उठ्नै गाह्रो हुन्छ ।’ यो समस्या महिनावारीको समय नजिकिँदा मात्र होइन । महिनावारी हुँदा पनि देखिन सक्छ । यस्तोमा प्रश्न उठ्छ, ‘महिनावारी आउनै लाग्दा र महिनावारी हुँदा शरीरको यो भाग किन दुख्छ ? के सधैं यस्तो पीडा सहेर बस्नुपर्ने हो ? यसको कुनै उपचार छैन ? **किन दुख्छ ?**

महिनावारी सुरु हुनुभन्दा केही दिनअघि महिलाको शरीरमा ‘प्रोस्टाग्लान्डिन’ नामक रसायनको उत्पादन बढ्छ ।

यो रसायनले पाठेघरको मांसपेशी खुम्चाउन मद्दत गर्छ, जुन गर्भाशय भित्रको रक्तस्राव बाहिर निकाल्न आवश्यक हुन्छ ।

तर, यही प्रोस्टाग्लान्डिनको मात्रा धेरै भएमा यो मांसपेशीहरू अत्यधिक खुम्चिन्छ, जसले पेटसँगै तल्लो ढाड र जाँघतिर चिसो किसिमको दुखाइ ल्याउँछ । यो कहिलेकाहीँ यति गहिरो र गम्भीर हुन्छ कि दुखाइ मेरुदण्डको तल्लो भाग हुँदै कम्मर र पिठ्यूँसम्म फैलिन्छ । **पाठेघर खुम्चिनु र ढाड दुखाइको सम्बन्ध** पाठेघर शरीरको मध्य भागमा रहेको अङ्ग हो, जुन मेरुदण्ड नजिक हुन्छ । जब पाठेघरको मांसपेशी खुम्चिन्छ, त्यहाँका स्नायुहरू पनि प्रभावित हुन्छन् । विशेषतः तल्लो ढाडको क्षेत्रमा रहेका स्नायुहरूले पाठेघरबाट आउने सन्देशलाई ओसारपोसार गर्छन्। जब प्रोस्टाग्लान्डिनको कारण मांसपेशी धेरै तन्किन्छ, स्नायुहरूमाथि पनि दबाब पर्छ, जसको परिणामस्वरूप कम्मर दुख्ने अनुभव हुन्छ । **शरीरको संरचना पनि कारक** तल्लो ढाड दुखाइको एक अन्य महत्वपूर्ण कारण शरीरको संरचनागत अवस्था पनि हो ।

महिलाको नितम्ब क्षेत्र पुरुषको तुलनामा फराकिलो हुन्छ। पाठेघरको भार अगाडितिर ढल्किएको हुन्छ । जसले महिनावारीका बेला तल्लो मेरुदण्डमा चाप दिन सक्छ। महिनावारी नजिकिँदा गर्भाशय केही सुन्निएको वा भारी महसुस हुनसक्छ, जसले मेरुदण्डमा थप चाप सिर्जना गर्छ । साथै, लामो समय कुर्सीमा बस्ने, झुकेर मोबाइल चलाउने वा बसाइ आसन ठिक छैन, वा लामो समय बस्ने काम गर्नुपर्ने वातावरण छ भने महिनावारीको बेला यो असर अझ बढी देखिन्छ । महिनावारीको समयमा यो तनाव अझ चर्किन्छ, जसले गर्दा ढाड दुखाइ बढी महसुस हुन्छ । **तनाव र मानसिक अवस्था** महिनावारीका दिनहरूमा मात्र होइन, त्यसको केही दिनअघि देखिने लक्षणहरूमध्ये तनाव, थकान र निद्रा नलाग्ने समस्या प्रमुख छन् । यी सबै मानसिक अवस्थाले मांसपेशीहरू झन् कडा पार्छ ।

तनावले स्नायुहरूको कार्यसम्पादनमा अवरोध ल्याउँछ । त्यसैले ढाड दुखाइ केवल शारीरिक कारण होइन, मानसिक थकान र असन्तुलनको पनि असर हो ।

**चिकित्सकलाई कहिले देखाउने ?**

धेरैजसो महिलाहरूका लागि महिनावारीको बेला हुने तल्लो ढाड दुखाइ सामान्य र समयसँगै आफैँ कम हुने प्रकृतिको हुन्छ । तर, कहिलेकाहीँ यो दुखाइ सामान्य सीमाभन्दा पर जान सक्छ र स्वास्थ्यका दृष्टिले गम्भीर संकेत पनि हुन सक्छ ।

- उठ्न, सुत्न वा हिँड्न गाह्रो हुने गरी निरन्तर दुखिरहन्छ भने यसलाई सामान्य मान्न मिल्दैन । - पेनकिलर खाँदा पनि दुखाइ नघट्ने अवस्था चिन्ताजनक हुनसक्छ । - महिनावारीको चक्र अनियमित हुनु र सँगै ढाड दुख्नु ।

निर्धारित मापदण्दको पाल्ना गरौ, नक्सा पास गरी निर्माण कार्य गरौं ।

परवानीपुर गाउँपालिकाको कार्यालय,परवानीपुर, बारा

सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौ,नाद,खुटा आदी नराखौं ।

करैयामाई गाउँपालिकाकोकार्यालय करैया, बारा

शौचालय निर्माण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।

कालिकामाई गाउँपालिकाको कार्यालय, कालिकामाई, पर्सा

# गगनको १८ वर्षे संसदीय यात्रामा अमरेशले लगाए ब्रेक




**काठमाडौं,२४ फागुन ।** नेपाली कांग्रेसका सभापति गगन थापाको १८ वर्षे संसदीय यात्रामा राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) का अमरेश कुमार सिंहले ब्रेक लगाएका छन् । आइतबार बिहान सम्पन्न सर्लाही-४ को अन्तिम मतपरिणाम अनुसार अमरेशले गगनलाई १२ हजार ८५७ मतान्तरले पराजित गरेका हुन् । अमरेशले ३५ हजार ६८८ मतले ल्याउँदा गगनले २२ हजार ८३१ मत प्राप्त गरे । गगन २०६४ सालदेखि संसदीय यात्रामा थिए । पहिलोपटक समानुपातिक प्रणालीबाट निर्वाचित उनले पछिल्लो ३ पटक काठमाडौं निर्वाचन क्षेत्र नम्बर ४ बाट जित निकालेका थिए । गगन गत पुसमा भएको कांग्रेसको दोस्रो महाधिवेशनबाट कांग्रेसको सभापतिमा निर्वाचित भएका थिए । कांग्रेसले गगनलाई नै भावी प्रधानमन्त्रीको रुपमा अघि सारेको थियो । गगन २०५१ सालमा त्रिचन्द्र क्याम्पसबाट स्वतन्त्र विद्यार्थी युनियनमा सदस्य निर्वाचित भएका थिए । २०५५ सालमा सोही क्याम्पसको स्ववियु सभापति निर्वाचित भएका थिए । २०५७ सालमा नेपाल विद्यार्थी संघको उपाध्यक्ष हुँदै २०५९ मा महामन्त्री बने । कांग्रेसले आधिकारिक रुपमा स्वीकार गर्नुअघि नै गणतन्त्रको पक्षमा वकालत गरेका उनी २०५९ असोजपछि राजकाज मुद्दामा परेका थिए । २०६२-०६३ को आन्दोलनमा गणतन्त्रका पक्षमा खेलेको भूमिकाले थापालाई चर्चित बनायो । अहिले उनले पुस्तान्तरणलाई मुद्दा बनाएका छन् । पार्टीको १२ औं महाधिवेशनमा केन्द्रीय सदस्य निर्वाचित थापा २०७२ सालको १३ औं महाधिवेशनमा महामन्त्रीमा पराजित भएका थिए । गत वर्षको १४ औं महाधिवेशनमा शेखर कोइराला समूहबाट महामन्त्रीमा निर्वाचित भएका थापा २०६४ सालको संविधान सभामा समानुपातिकबाट सदस्य बनेका थिए । दोस्रो संविधान सभामा काठमाडौं ४ बाट जितेका उनी अहिलेसम्म त्यही क्षेत्रबाट अपराजित छन् । २०७० सालमा उनी स्वास्थ्य मन्त्री बनेका थिए । यस्तै अमरेश कुमार सिंह नेपालका एक चर्चित राजनीतिज्ञ तथा प्रतिनिधिसभाका सदस्य हुन् । उनको जन्म ५ सेप्टेम्बर १९७० मा सर्लाहीको बलरा क्षेत्रमा भएको हो । उनले उच्च शिक्षा भारतको जहारलाल नेहरु विश्वविद्यालयबाट अन्तर र्ष्ट्रिय सम्बन्ध विषयमा पीएचडी गरेका छन् । सुरुमा मधेशकेन्द्रित आन्दोलनबाट राजनीतिमा आइका थिए अमरेश । सुरुमा मधेशी जनाधिकार फोरममार्फत आफ्नो राजनीतिक यात्रा सुरु गरेका उनी पछि उनी नेपाली कांग्रेसमा प्रवेश गरी सक्रिय राजनीतिमा लागे । २०७० र २०७४ सालको प्रतिनिधिसभा निर्वाचनमा उनी सर्लाही क्षेत्र नं. ४ बाट सांसद निर्वाचित भएका थिए । त्यसपछि २०७९ सालको निर्वाचनमा नेपाली कांग्रेसबाट टिकट नपाएपछि उनले स्वतन्त्र उम्मेदवारी दिए र फेरि निर्वाचित भए । संसदमा लोकप्रिय हुने खालको वक्तव्य दिनेदेखि संसदमै लुगा खोल्नेसम्मको हर्कतका कारण उनी चर्चित बन्दै आएका थिए । पछिल्लोपटक रास्वपाबाट उम्मेदवार बनेका उनले बालेन शाह प्रधानमन्त्री नबने जनकपुरमा आत्मदाह गर्ने र आफू निर्वाचित नभए आत्महत्या गर्ने अभिव्यक्ति दिएका थिए ।

## पर्सामा रास्वपाको.....

८८५ मतसहित तेस्रो स्थानमा रहे । पर्सा-२ मा रास्वपाका सुशील कुमार कानु ३० हजार ७४० मतसहित निर्वाचित भएका छन् । उनले कांग्रेसका उम्मेदवार तथा पूर्वमन्त्री अजयकुमार चौरसियालाई १८ हजार ८५० मतान्तरले पराजित गरेका हुन् । चौरसियाले ११ हजार ८९० मत पाउँदा एमालेकी रिमा कुमारी यादवले ११ हजार ६०५ मत प्राप्त गरिन् । पर्सा-३ मा रास्वपाका रामाकान्त चौरसिया २९ हजार ६७९ मतसहित विजयी भएका छन् । उनले कांग्रेसका उम्मेदवार तथा पूर्वमन्त्री सुरेन्द्र प्रसाद चौधरीलाई १३ हजार ३१३ मतान्तरले हराए । चौधरीले १६ हजार ३६६ मत पाउँदा एमालेका रुपेशकुमार पाण्डेयले ११ हजार ९१४ मत प्राप्त गरे । पर्सा-४ मा पनि रास्वपाका टेक बहादुर शाक्य २८ हजार ६ मतसहित निर्वाचित भएका छन् । उनले कांग्रेसका उम्मेदवार तथा पूर्वमन्त्री रमेश रिजाललाई १५ हजार ४७२ मतान्तरले पराजित गरे । रिजालले १२ हजार ५३४ मत पाउँदा एमालेका जालिम मियाँ मन्सुरीले १२ हजार १४५ मत प्राप्त गरे । यसरी पर्साका चारवटै निर्वाचन क्षेत्रमा जित निकाल्दै रास्वपाले जिल्लामा नयाँ राजनीतिक समीकरण स्थापित गरेको विश्लेषण गरिएको छ ।

## पाँच वर्षलाई बन्द......

पार्टी पनि यसपटकको निर्वाचन परिणामसँगै अस्तित्व संकटतर्फ धकेलिएको विश्लेषण गरिएको छ ।

**मधेशवादी राजनीतिको लामो इतिहास** नेपालमा मधेशवादी राजनीतिको इतिहास पुरानो मानिन्छ । मधेशको समान अधिकार, पहिचान र राज्यको मूलधारमा पहुँच सुनिश्चित गर्ने उद्देश्यसहित २००८ सालमा बेदानन्द झाको नेतृत्वमा नेपाल तराई कांग्रेस स्थापना भएको थियो ।

उनले तराईलाई स्वायत्त प्रदेश बनाउने, हिन्दी भाषालाई आधिकारिक मान्यता दिने तथा सरकारी सेवामा मधेशीको पहुँच बढाउनुपर्ने माग उठाएका थिए । यद्यपि २०१५ सालको निर्वाचनमा उक्त पार्टीले राष्ट्रिय राजनीतिमा उल्लेखनीय स्थान बनाउन सकेन । पञ्चायतकालमा दलहरू प्रतिबन्धित भएपछि मधेशवादी राजनीति पनि ओझेलमा परेको थियो ।


शिक्षासम्बन्धी संवैधानिक हक

- प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत शिक्षामा पहुँच हुनेछ।
- प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यामिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ।
- अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निशुल्क उच्च शिक्षा पाउने हक हुनेछ।
- ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निशुल्क शिक्षा पाउने हक हुनेछ।
- प्रत्येक समुदायलाई कानूनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ।

**शिक्षासम्बन्धी हकको उपयोग गरौं।**
**निःशुल्क, अनिवार्य, समान पहुँचयुक्त र समावेशी शिक्षा सुनिश्चित गरौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड


# चितवन-२ बाट निर्वाचित रास्वपा सभापति रवि लामिछाने संसद् जान नपाउने



**काठमाडौं,२४ फागुन ।** चितवन क्षेत्र नम्बर २ बाट प्रतिनिधि सभा सदस्य निर्वाचित रवि लामिछाने संसद् प्रवेश गर्न असक्षम भएका छन् । उनीमाथि सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणका तीन वटा अभियोग लागेका कारण सांसदको शपथ लिन नपाउने अवस्था आएको हो । वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी का अनुसार, फौजदारी मुद्दा विचाराधीन रहेकाले लामिछानेले सांसद पद सम्हाल्न वा शपथ लिन पाउनु हुँदैन । उनी निलम्बनमा रहने र केवल अन्तिम फैसलामा निर्दोष ठहर भए मात्र सांसद पद कायम हुने बताइएको छ । लामिछानेमाथि कास्कीको स्वर्णलक्ष्मी सहकारी ठगी मुद्दा, साथै सम्पत्ति शुद्धीकरण र संगठित अपराधको मुद्दा दर्ता भएपछि तत्कालीन सभामुखले निलम्बनको सूचना प्रकाशित गरेका थिए । हाल, उनीविरुद्ध अभियोगपत्र संशोधनको प्रक्रिया महान्यायाधिवक्ता कार्यालयले अघि बढाइरहेको छ । महान्यायाधिवक्ता कार्यालयले केही जिल्ला अदालतमा 'संगठित अपराध' र 'सम्पत्ति शुद्धीकरण' सम्बन्धी दाबी हटाउने निर्णय गरे पनि वरिष्ठ अधिवक्ता त्रिपाठी र अन्यले सर्वोच्च अदालतमा रिट दायर गरेका छन् । सर्वोच्च अदालतले लिखित जवाफ माग्दै मुद्दा विचाराधीन छ । यदि जिल्ला अदालतले अभियोग संशोधन स्वीकार गरे, भने लामिछाने संसद प्रवेश गर्न सक्नेछन् । तर संशोधन अस्वीकृत भएमा अन्तिम फैसला नआएसम्म उनी सांसद पदमा शपथ लिन र संसदमा भाग लिन पाउने छैनन् ।

# सुनसरी-१ मा हर्क साम्पाङ विजयी



**काठमाडौं,२४ फागुन ।** प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ अन्तर्गत सुनसरी निर्वाचन क्षेत्र नम्बर-१ को अन्तिम मत परिणाम सार्वजनिक भएको छ । परिणाम अनुसार श्रम संस्कृति पार्टीका उम्मेदवार हर्क साम्पाङ भारी मतान्तरसहित विजयी भएका छन् । साम्पाङले ३५ हजार ७४१ मत प्राप्त गर्दै प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका हुन् । उनले आफ्ना निकटतम प्रतिस्पर्धीहरूलाई उल्लेख्य अन्तरले पछि पार्दै ऐतिहासिक जीत दर्ता गराएका हुन् । निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की उम्मेदवार गोमा तामाङ २७ हजार २४९ मतसहित दोस्रो स्थानमा रहिन् । यसैगरी नेकपा (एमाले)का उम्मेदवार टीकाराम लिम्बुले ६ हजार ४६३ मत प्राप्त गर्दा नेपाल कम्युनिष्ट पार्टीका सूर्यबहादुर भट्टराई ६ हजार १८५ मतमा सीमित भए । नेपाली कांग्रेसका उम्मेदवार सुजेन्द्र तामाङले भने ३ हजार ९७० मत मात्र प्राप्त गर्दै प्रतिस्पर्धामा निकै पछि परेका छन् । यस परिणामसँगै सुनसरी-१ मा स्वतन्त्र छविका नेता साम्पाङले प्रभावशाली जीत हासिल गर्दै राष्ट्रिय राजनीतिमा आफ्नो उपस्थितिलाई थप मजबुत बनाएका छन् ।

# एक-दुई वर्षमै जनता फेरि हामीतिर फर्किन्छन् : सीके राउत

**काठमाडौं,२४ फागुन ।** आम निर्वाचनमा अपेक्षाभन्दा कमजोर नतिजा आएपछि जनमत पार्टीका अध्यक्ष सीके राउत ले आफ्ना नेता तथा कार्यकर्तालाई निराश नहुन आग्रह गरेका छन् । आइतबार बिहान फेसबुकमार्फत सन्देश दिँदै उनले अहिलेको चुनावी परिणामलाई अस्थायी 'हावाहुरी' मात्र भएको बताएका छन् । उनले देशभर नयाँ राजनीतिक शक्तिप्रति बढेको आकर्षण र पुराना दलप्रति बढ्दो असन्तुष्टिले जनमत पार्टीलाई पनि असर परेको बताए ।

राउतका अनुसार यो हार कुनै नेता वा उम्मेदवारको व्यक्तिगत कमजोरी नभई विशेष राजनीतिक परिस्थितिको परिणाम हो । उनले ७०-८० वर्षदेखि राजनीति गर्दै आएका ठूला दलहरू र मधेस आन्दोलनबाट जन्मिएका पार्टीहरू पनि यस्तै परिस्थितिबाट गुज्रिरहेको उल्लेख गरे । त्यसैले अहिलेको परिणामलाई सहज रूपमा स्वीकारेर अगाडि बढ्न उनले कार्यकर्तालाई सुझाव दिएका छन् । राउतले जनताले दिएको आदेशलाई सम्मान गर्नुपर्ने भन्दै चुनाव जित्ने दलहरूलाई सरकार चलाउन दिनुपर्ने बताए ।

साथै, पार्टीका नेता-कार्यकर्तालाई हारको कारण खोज्दै विवादमा नफस्न र कसैमाथि आरोप-प्रत्यारोप नगर्न पनि आग्रह गरेका छन् । उनले पार्टीलाई सिद्धान्त र एजेन्डामा दृढ रहन आग्रह गर्दै भने, "एक-दुई वर्ष कुर्नुहोस्, सबै कुरा स्पष्ट हुन्छ ।

हावाहुरी स्थायी हुँदैन, अन्ततः जनता फेरि हामीतिरै फर्किन्छन् ।" राउतले कार्यकर्तालाई आफ्ना गाउँठाउँमा नम्र व्यवहार गर्न, कसैप्रति कठोर भाषा प्रयोग नगर्न र जनताको सेवामा निरन्तर लागिरहन पनि अपिल गरेका छन् ।

# ओलीविरुद्ध फौजदारी मुद्दा चलाउन सिफारिस

**काठमाडौं,२४ फागुन ।** भदौ २३ र २४ गते घटेका घटनाको छानबिन गर्न गठित गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली विरुद्ध फौजदारी कसूरमा मुद्दा चलाउन सरकारलाई सिफारिस गरेको छ । स्रोतका अनुसार आयोगले आज प्रधानमन्त्रीलाई बुझाएको प्रतिवेदनमा उक्त घटनाको जिम्मेवारी राष्ट्रिय स्तरमा तत्कालीन प्रधानमन्त्री ओलीमाथि रहेको ठहर गर्दै कानुनी कारबाही अघि बढाउन सिफारिस गरेको हो ।

त्यसैगरी, तत्कालीन काठमाडौं जिल्ला सुरक्षा समितिका प्रमुखलाई जिल्ला स्तरमा जिम्मेवार ठहर गर्दै उनीमाथि पनि आवश्यक कारबाही गर्न आयोगले सिफारिस गरेको बताइएको छ ।

यदि सरकारले आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय गरेमा ओलीविरुद्ध फौजदारी अभियोग दर्ता गरेर मुद्दा चलाउन सकिनेछ ।

कानुनी व्यवस्था अनुसार धेरैजसो फौजदारी कसूरमा अभियुक्तलाई पुर्पक्षका लागि थुनामा राखेर मुद्दा अगाडि बढाउन सकिने भएकाले अदालतले लगाइने अभियोगको प्रकृति हेरेर उनलाई थुनामै राखेर मुद्दा चलाउने आदेश दिन सक्ने सम्भावना पनि रहनेछ । भदौ २३-२४ मा घटेका घटनाको सत्यतथ्य पत्ता लगाउन सरकारले यसअघि कार्कीको नेतृत्वमा जाँचबुझ आयोग गठन गरेको थियो ।


निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
पकहामैनपुर गाँउपालिकाको कार्यालय, पर्सा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जगरनाथपुर गाँउपालिकाको कार्यालय,पर्सा